प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

## गण्डकी प्रदेश

ख. कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क सं | कार्यक्रमको नाम | अनुदान सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | विशेष बाली प्रवर्धन कार्यक्रम (सिंमी, तोरी, उवा, फापर आदी) | कुल लागतको ९० % (प्रति रोपनी बढिमा रु. ५०००/-) सम्म अनुदान उपलब्ध हुने | १०० हेक्टर | १००० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा सिमी, तोरी, सुर्यमुखी, बदाम, जौ, कोदो, कागुनो, मास, भट्मास, मुसुरो, मस्याङ्ग, उवा, फापर आदी मध्ये कुनै एक बालीको खेति विस्तार गर्नुपर्ने |
| २. | आलु खेती प्रबर्धन विशेष कार्यक्रम | कुल लागतको ९० % सम्म अनुदान (प्रति रोपनी बढिमा रु. १००००/-) | २५ हेक्टर | २५०० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेति विस्तार गर्नुपर्ने। |
| ३. | साना सिंचाई कार्यक्रम सञ्चालन | कुल लागतको ९० % सम्म अनुदान (बढीमा रु.२ लाख अनुदान उपलब्ध हुने) | १५वटा | ३००० | साना कुलो निर्माण तथा मर्मत, सिमेन्ट तथा प्लाष्टिक पोखरी निर्माण, सिंचाई पाइप, साना बाँध, टर्की निर्माण र लिफ्टिङ आदी जस्ता कार्यका लागि आवेदन पेश गर्न सकिने। कम्तिमा १० रोपनी क्षेत्रफल सिंचित हुनुपर्ने |
| ४ | मुख्यमन्त्री जलवायूमैत्री नमुना कृषि गांउ कार्यक्रम | प्रति कृषक समुह, सहकारी बढीमा रु १० लाख | ३ वटा | ३००० | मुख्यमंत्री जलवायूमैत्री नमुना कृषि गाउँ कार्यक्रम संचालन कार्यविधि २०७७ बमोजिम हुनेछ |
| ५ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | कुल लागतको ९० प्रतिशत अनुदान (२५ घरधुरी संलग्न हुनुपर्नेछ प्रति घरधुरी लाइ अधिकतम अनुदान रु. २०००० हुनेछ ) | ५ वटा | २५०० | ग्रामीण पोषण सुरक्षण कार्यक्रम संचालन कार्यविधि २०७८ बमोजिम हुनेछ |
| ६ | कलष्टरमा रैथाने बाली संरक्षण कार्यक्रम | कुल लागतको ९० % सम्म अनुदान उपलब्ध हुने | ५ वटा | ५०० | क्लस्टरमा कम्तीमा १५ रोपनी क्षेत्रफलमा रैथाने बाली जस्तैः- कोदो, जौ, उवा, फापर, कागुनो, जुनेलो, चिनो, लट्टे, सिमि आदी मध्ये कुनै एक बालीको खेति विस्तार गर्नुपर्ने |
| | समुह/सहकारी मार्फत क्षेत्रगत सुन्तला झार्ने औसा नियन्त्रण कार्यक्रम | स्वीकृत कार्यविधि तथा मापदण्ड अनुसार हुने । | ५ वटा | ५०० | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७ बमोजिम संचालन हुनेछ । |

आवश्यक कागजातहरु:

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२.सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।

३. सम्बन्धित स्थानीय तहको सिफारिस (कार्यक्रममा दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको)

४. खेति विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपी (करार सम्झौता न्यूनतम १० बर्ष अवधिको हुनुपर्नेछ)

५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितिको बैठक निर्णय प्रतिलिपी, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, Pan/Vat दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्त प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपी,

६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपी

नोटः कार्यक्रम सम्बन्धि निवेदन तथा प्रस्तावनाको ढांचा यस कार्यालयबाट उपलब्ध हुनेछ तथा यस कार्यालयको वेवसाईट myagdi.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

थप जानकारी आवश्यंक भएमा कार्यालय समयभित्र कृषि ज्ञान केन्द्र, म्याग्दीमा गई वा फोन नं. ०६९-५२०६३०, ०६९-५२०१३० मार्फत सम्पर्क गर्न सकिनेछ। मोवाईल नम्बरः- कार्यालय प्रमुख- ९८५७६२२१४४ वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५७६२१६३० बाट पनि सम्पर्क गर्न सकिनेछ।

नि. ज्ञान केन्द्र प्रमुख

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

गण्डकी प्रदेश

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, म्याग्दी
गण्डकी प्रदेश नेपाल

## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः२०७९/०५/०६**

कृषि ज्ञान केन्द्र, म्याग्दीको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न ईच्छुक म्याग्दी जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएँको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

**क. कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी बढीमा रु. ५,०००/- अनुदान उपलब्ध गराईनेछ। | ५ हेक्टर | ५०० | विविध कारणले कम्तिमा ३ बर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने। |
| २. | साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम | ५० % अनुदान (बढीमा रु. २ लाख अनुदान उपलब्ध हुने) | ३० वटा | ६००० | फलफुल, तरकारी, च्याउ, मौरी तथा नगदेवाली विशेषमा कृषि व्यवसाय स्थापना वा विस्तार गर्नुपर्ने। |
| ३. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा प्रति रोपनी रु. ३०००/- र १०० वर्गमिटर प्लाष्टिक घर क्षेत्रफलमा रु ३०००/- | ५ हेक्टर | ३०० | कम्तीमा २ रोपनी जमिन वा २०० वर्गमिटर प्लाष्टिकं घर भित्र २ सिजन तरकारी खेति गर्नुपर्ने । |
| ४. | विउ बिजन उत्पादन कार्यक्रम | कुल लागतको बढीमा ५० % अनुदान उपलब्ध हुने। | ३ हेक्टर | ३०० | क्लष्टरमा आलु, खाद्यान्न, तरकारी, तेलहान र दलहन वालीको विउ उत्पादन गर्नुपर्ने। |
| [illegible]. | फलफुल नर्सरी तथा श्रोत केन्द्र स्थपना कार्यक्रम | कुल लागतको बढीमा ५० % अनुदान उपलब्ध हुने। | १ वटा | ५०० | नर्सरी घरको क्षेत्रफल न्युनतम २५० वर्ग मिटर हुनुपर्ने, न्युनतम २००० बहुवर्षिय फलफुल विरुवा वार्षिक रुपमा उत्पादन हुनुपर्ने । |
| ६. | बाली बिमाको विमा शुल्कमा अनुदान कार्यक्रम | कुल बिमा शूल्कको २० प्रतिशत अनुदान उपलब्ध हुने । | १ पटक | १५० | आ.व. २०७९/८० मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले यस आ.व.को आषाढ १५ गतेभित्र आवेदन पेश गर्न सक्नेछन् । |
| ७. | मसलावाली विकास कार्यक्रम | कुल लागतको बढीमा ५० % अनुदान उपलब्ध हुने । | ५ हेक्टर | ५०० | मसलाबाली प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड २०७७ बमोजिम हुनेछ । |
| ८ | नयां बगैचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रम | कुल लागतको बढीमा ५० % अनुदान उपलब्ध हुने । | ५ हेक्टर | ५०० | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७ बमोजिम संचालन हुनेछ । |

कृ. ज्ञान केन्द्र प्रमुख

CamScanner